ब्याँसी भाषाको वर्णव्यवस्था

पार्वती भट्ट

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

शोधसार

आफ्नै मौलिकता, ऐतिहासिकता र सांस्कृतिक पृष्ठभूमि बोकेको नेपालको अल्पसङ्ख्यक आदिबासी जनजाति ब्याँसी शौका, सुदूरपश्चिम प्रदेशअन्तर्गत महाकाली अञ्चल दार्चुला जिल्लाको सुदूर उत्तरका ब्याँस, राप्ला, तिङ्कर र सितोला गाउँहरूमा (हाल ब्याँस गा.पा.) आदिमकाल देखि बसोबास गर्दै आइरहेका छन् । शौका जनजातिहरू ब्याँस हिमालको काखमा र ब्याँस ऋषिको पवित्र तपोभूमिमा बसोबास गर्ने हुनाले ब्याँसी भनी नामाकरण भएको र सोही अनुरुप नेपाल आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको ऐन २०५८ मा सूचीकृत गरिएको छ ।

नेपालको इतिहासमा आदिकालमा शासन व्यवस्था स्थानीय राजा रजौटाहरूको हातमा थियो । त्यस बखतमा ब्याँस उपत्यका हालको भारतको उत्तराखण्ड राज्यअन्तर्गत पर्ने बुदी, गरब्याङ्ग, गुन्जी, कुटी, नावी, रोङकाङ र नपलच्यौ तथा हालको ब्याँस गा.पा.को छाङरु र तिंकर गाउँहरू जुम्ली राजाको शासनअन्तर्गत थिए । प्राचीन अविभाज्य र स्थानीय राजाहरूको शासनलाई हेर्दा ब्याँसीहरूको इतिहास हालको भारत र नेपालसँग जोडिएको पाइन्छ । प्राचीन काल देखि ब्याँसी रं हरू बसोबास गर्ने तीन वटा उपत्यकाहरू रहेका थिए । जसमा ब्याँस उपत्यका (ब्याङ्खो) बंबा (चौदास) उपत्यका र दारमा उपत्यका पर्दछन् । हाल दारमा र बंबा उपत्यकाहरू भारत तर्फ पर्दछन् भने ब्याँस उपत्यका नेपाल र भारत दुवै तर्फ पर्दछ ।

हालको ब्याँस उपत्यकालाई ब्याँसी भाषामा ब्याङ्खो भनिन्छ । ब्याँस क्षेत्रमा जम्मा ९ वटा गाउँहरू छन् । जसमध्ये ७ वटा गाउँहरू भारतमा पर्दछन् भने नेपाल तर्फ ब्याँस ऋषिको तपोभूमिमा छाङरु र तिंकर पर्दछन् । नेपाल भारत तर्फको ब्याँसी रंहरूको धर्म सँस्कृति, रीतिरिवाज, भाषा, भेषभूषा र संस्कारहरूमा समानता रहेको छ । दार्चुला जिल्लाको राप्ला र सितोला गा.वि.स.(हाल ब्याँस गा.पा.) मा बसोबास गर्ने ब्याँसीहरूको इतिहासलाई हेर्दा ब्याँसी शौकाहरू पनि ब्याँस उपत्यकाको गर्ब्याङको कर्जाङ्गबाट आज भन्दा १५-१६ पुस्ता अगाडि देखि नै राप्लाको थिन हुँदै रपाङमा बसोबास गर्दै आएका र बुदीबाट सितोलाका ब्याँसी (स्याङ्कपा) हरू सितोलाको स्याङकाङ भन्ने गाउँमा बस्दै आइरहेका छन् ।

प्रकृतिको पुजा गर्ने ब्याँसी शौका जाति भाषिक सांस्कृतिक र सामाजिक रूपमा बेग्लै पहिचान बोकेको जाति हो । हाल आएर यिनीहरू आफूलाई ब्याँसी मात्र नभनी ब्याँसी-शौका भन्न रूचाउँछन् । ब्याँसी भाषा चिन-तिब्बति भाषा परिवारको पश्चिमी हिमालीअन्तर्गत शौका "रं" समुदायको भाषा हो । मुख्य तया यो भाषा दार्चुला जिल्लाको ब्याँस गाउँपालिका र जिल्ला सदरमुकाम खलङ्गालगायत यस ओरिपरिका क्षेत्रमा बोलिन्छ । यसका साथै भारतको उत्तराखण्ड राज्यअन्तर्गत पर्ने बुदी, गरब्याङ्ग, गुन्जी, कुटी, नावी, रोङकाङ र नपलच्यौ क्षेत्रमा बोलिन्छ । ब्याँसी भाषामा ६ ओटा स्वरवर्ण र २९ वटा व्यञ्जन वर्ण रहेका पाइन्छन् ।

शब्दकुञ्जी - ब्याँस, ब्याँसी, व्यतिरेक, शौका, रं, जुम्क ।

विषय परिचय

नेपालको अल्पसङ्ख्यक जनजातिको रूपमा रहेको ब्याँसी शौकाहरू सुदुरपश्चिम प्रदेशअन्तर्गत पर्ने दार्चुला जिल्लाको हिमाली भेगमा अवस्थित ब्याँस गा.पा. (सितोला, राप्ला र ब्याँस) मा परापूर्वकालदेखि बसोबास गर्दै आइरहेका छन् । यो जाति ब्याँस क्षेत्र वा ब्याँस हिमालको फेदमा बसोबास गर्ने हुनाले "ब्याँसी" भनी नामाकरण भएको र सोही अनुरूप आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको ऐन २०५८ मा सूचीकृत गरिएको छ । तर हाल आएर यिनीहरू आफूलाई ब्याँसी मात्र नभनी ब्याँसी-शौका रं भाषी भन्न रूचाउँछन् ।

महाकालीको उद्गम स्थानमा रहेको ब्याँस क्षेत्र जिल्लाकै ठुलो गाउँपालिकाको रूपमा रहेको छ । ब्याँस भारत र चीन दुवै देशसँग सीमा जोडिएको गाउँपालिका हो । ब्याँस कालापनी (तिल्सी) सदरमुकाम खलङ्गाबाट ९६ कि.मि. उत्तरमा रहेको छ भने कालापानीबाट छाँगरु १४ कि.मि. र तिङ्कर २२ कि.मि. उत्तर-पूर्वमा अवस्थित छ (भण्डारी, २०७४:८६) । कालापानीदेखि लिपुलेक १० कि.मि. उत्तरमा छ । सदरमुकाम खलङ्गादेखि २७ कि.मि. उत्तरमा रहेको राप्लामा मानव बस्ती रहेको छ भने राप्लादेखि छाँगरुसम्मको ३९ कि.मि. क्षेत्र बस्तीविहीन छ (भण्डारी, २०७४:८६) । हालको ब्याँस उपत्यकालाई ब्याँसी भाषामा व्याङ्खो भनिन्छ । यो क्षेत्र ब्याँसी-शौका समुदायको थातथलो हो । यो ब्याँस गर्खा ब्याँस दर्माका नामले समेत चिनिन्छ । दार्चुला र बैतडी एउटै जिल्ला (बैतडी) हुँदा दार्चुलामा ब्याँस, दुहु, मर्मा र लेकम गरी चार ओटा गर्खा (जिल्लाअन्तर्गतका गाउँ वा मौजाहरूको समुदाय) थिए (भण्डारी, २०७४:८६) । सन् १८१६ को सुगौली सन्धि हुनुअघि बाह्र ब्याँसको भूभाग पूर्णतः नेपालमा थियो । १२ ओटा गाउँ रहेको यस क्षेत्रलाई त्यतिबेला बाह्र ब्याँस भनिन्थ्यो । तर सुगौली सन्धिले ब्याँसलाई नेपाल र भारत दुईतिर विभाजित गऱ्यो । तर हालसम्म पनि नेपाल र भारतमा बसोबास गर्ने ब्याँसी रं हरूको धर्म संस्कृति, रीतिरिवाज, भाषा, भेषभूषा र संस्कारहरूमा प्रायः समानता रहेको पाइन्छ ।

जनगणना २०७८ का अनुसार ब्याँसी-शौका रं भाषीको कुल जनसङ्ख्या ०.०१ प्रतिशत रहेको छ । यस भाषाका वक्ता हाल नेपालका अन्य जिल्लाहरूमा पनि छरिएर रहेका पाइन्छन् । यसरी नेपालका विभिन्न जिल्लाहरूमा न्यून सङ्ख्यामा छरिएर रहेको पाइए तापनि ब्याँसीहरूले परापूर्व कालदेखि बसोबास गर्दै आइरहेको मुख्य थलो भने दार्चुला जिल्लाको सितोला, ब्याँस र राप्ला क्षेत्र नै रहेको पाइन्छ । भारत र तिव्बतको सिमानानजिक बसोबास गर्ने ब्याँसी-शौका जनजातिहरूको मुख्य पेशा सीमापार ब्यापार नै रहेको छ । तिब्बतको 'ताक्लाकोट' ब्याँसीहरूको मुख्य व्यापारिक केन्द्रको रूपमा रहेको छ । व्यापारका अतिरिक्त यिनीहरू कृषि पेसा पनि गर्ने गर्दछन् । ब्याँसी-शौकाहरू जाडोको मौसममा ५ देखि ६ महिना जिल्लाको सदरमुकाम दार्चुलामा आएर बसोबास गर्ने गर्दछन् ।

ब्याँसी-शौका जनजातिहरूको आफ्नै भाषा र संस्कृति रहेको पाइन्छ । यिनीहरूका समुदायमा 'घोडेजात्रा' पर्वलाई विशेष रूपमा मनाउने गरेको पाइन्छ । 'जुम्क परम्परा' (विवाहमा गाउँलेहरूले रकम र रक्सी राख्ने र उक्त रकमको ४० प्रतिशत गाउँको कोषमा जम्मा गर्ने प्रचलन) यस समुदायमा अत्यन्त विशिष्ट किसिमको परम्परा रहिआएको छ । तर यो परम्परा क्षेत्रअनुसार फरक फरक रहेको पाइन्छ । यिनीहरू जनजाति भए पनि धर्म, परम्परा र संस्कृतिका हिसाबले हिन्दु धर्मलाई नै आत्मसात् गरेको पाइन्छ ।

अध्ययन विधि

यस अध्ययनमा वर्णानात्मक र अन्वेषणात्मक तथा स्थलगत अध्ययन विधिको प्रयोग गरिएको छ । प्राथमिक र द्वितीय दुवै स्रोतलाई अपनाइएको भए पनि मुख्य गरेर प्राथमिक तथ्याङ्कलाई जोड दिइएको छ । द्वितीयक तथ्याङ्क विभिन्न सरकारी, गैरसरकारी संघ संस्था र अनुसन्धान केन्द्रबाट प्रकाशित, अप्रकाशित पुस्तक, अध्ययन अनुसन्धान प्रतिवेदनबाट सङ्कलन गरिएको छ । यस अध्ययनका

लागि आवश्यक सूचनाहरू प्रभावकारी र वैज्ञानिक ढङ्गले सङ्कलन गर्न विभिन्न वर्ग (उमेर, लिङ्गको प्रतिनिधित्व हुने गरी) सँग अन्तर्वार्ता, अवलोकन, समूहगत छलफल गरिएको छ । यसरी प्राप्त तथ्याङ्कको तालिकीकरण र विश्लेषण गरिएको छ ।

ब्याँसी शौका समुदायको सांस्कृतिक, सामाजिक र धार्मिक क्षेत्रलगायत दैनिक व्यवहारमा प्रयोग गरिने भाषाको ध्वनि रेकर्डिङ गरी वर्ण पहिचान गर्ने कार्य भएको छ । ध्वनि रेकर्डिङ गर्न समुदायका विशिष्ठ व्यक्तिहरू (शिक्षक, राजनीतिज्ञ, ब्याँसी शौका समाजका पदाधिकारीहरु, समाजसेवी, वृद्धव्यक्ति, बालबालिका, महिला, पुरूष) लाई मुख्य सूचनादाताको रूपमा लिई अध्ययन गरिएको छ । ती सूचनाहरू सङ्कलन गर्न रेकर्डर, मोवाइल र क्यामेराको प्रयोग गरिएको छ । यसरी यो अध्ययन ब्याँस गाउँपालिका (राप्ला, सितोला, छाँगरू, तिङ्कर र ब्याँस) र जिल्ला सदरमुकामसँगै यस आसपासका क्षेत्रहरूमा केन्द्रित छ ।

परिणाम र छलफल

अर्थविभेदक लघुतम भाषिक एकाइलाई वर्ण भनिन्छ । कुनै पनि निश्चित सैद्धान्तिक आधारमा रहेर भाषाका वर्णहरूको निर्धारण र विश्लेषणात्मक अध्ययन गर्ने विधि वा पद्धतिलाई वर्णविश्लेषण सिद्धान्त भनिन्छ । यस सिद्धान्तले कुनै पनि भाषाका वर्णहरूको विश्लेषण गर्दा तिनीहरूको वितरण अवस्थालाई देखाउँदै वर्णको निर्धारण, वर्णको वर्गीकरण तथा वर्णन र व्याख्या गर्ने कार्य गर्दछ । विभिन्न भाषिक सम्प्रदायहरूले भाषाका वर्णहरूको विश्लेषण गर्ने फरक फरक दृष्टिकोण र सैद्धान्तिक आधारहरू प्रस्तुत गरेका छन् । अमेरिकाली संरचनावादीहरूले व्यतिरेकी र परिपूरक वितरणको सिद्धान्त, ध्वनितात्त्विक समानताको सिद्धान्त, ढाँचामा स्वेच्छताको सिद्धान्त र मितव्ययीताको सिद्धान्तलाई प्रस्तुत गर्दै वर्णहरूको निर्धारण गर्ने आधार प्रदान गरेका छन् । यिनीहरूले वर्णलाई ध्वनितात्त्विक यथार्थ मानेको पाइन्छ । प्राग सम्प्रदायले वर्णलाई प्रकार्यवादी दृष्टिकोणबाट चिनाउँदै वर्णको निर्धारणका लागि प्रतिनिधान परीक्षण, विभेदक अभिलक्षण, द्विचर विरोध, मुक्त परिवर्तन, वार्णिक आच्छादन र तटस्थीकरणजस्ता सिद्धान्तहरू प्रस्तुत गरेका छन् । मूलभूत रूपमा यी दुवै दृष्टिकोणहरूमा एकरूपता पाइने गर्छ । यस अध्ययनमा व्यतिरेक वितरणको सिद्धान्तलाई आधार बनाई ब्याँसी वर्णहरूको विश्लेषण गरिएको छ ।

व्यतिरेक वा अर्थभेदकता

कुनै पनि भाषाको वर्णविश्लेषणमा महत्त्वपूर्ण र आधारभूत अवधारणा अर्थभेदक वा व्यतिरेक हो । व्यतिरेकद्वारा नै संसारका कुनै दुई वस्तुको भिन्नता थाहा भएझैं व्यतिरेकद्वारा नै वर्णको भिन्न स्वरूप स्थापित गरिन्छ । व्यतिरेकको अर्थ हो विरोध वा असमानता । कुनै एक वस्तुलाई अर्को वस्तुबाट अलग्याउने तत्त्व नै व्यतिरेक हो । यही व्यतिरेकी तत्त्वकै अधारमा कुन भाषामा कति वर्णहरू छन् भनेर छुट्याउने गरिन्छ । एउटा वर्ण अर्को वर्णभन्दा भिन्न हो भन्ने देखाउनका लागि ती वर्णले बनेका लघुतम भाषिक युग्म वा शब्दमा जानुपर्छ । त्यस्ता युग्महरूले अर्थ वा स्वरूपमा भिन्नता ल्याए भने ती विभेदक वर्ण व्यतिरेकी वर्ण हुन् । यादव (२०५९:११३) का अनुसार एउटै स्थान र उही परिवेशमा आउने र अर्थमा भिन्नता ल्याउने दुई ध्वनिहरूलाई व्यतिरेकी वितरणमा रहेका ध्वनि भनिन्छ । समान परिवेशमा एउटा वर्ण उही हुने र अर्को वर्ण फेरिँदा अर्थमा भिन्नता आउने अवस्थामा त्यो भिन्न वर्ण हुन पुग्छ । अर्थात् समान परिवेशमा ध्वनिको परिवर्तनसँगै अर्थगत भिन्नता देखापर्ने स्थिति नै वर्ण व्यतिरेक हो जसले अर्थभेदकतालाई स्पष्ट पार्छ । वर्णको विश्लेषण गर्ने व्यतिरेक सिद्धान्तअनुसार प्रायः भाषाका दुई वा तीन वर्णका शब्द वा अक्षर लिई उच्चारणमा एउटा वर्णको मात्र भिन्नता भएर अर्थमा नै भिन्नता ल्याउने स्थितिमा वर्ण व्यवस्थाको निर्धारण गर्न सजिलो हुन्छ । सबै वर्णहरू सबै परिवेशमा आउन सक्दैनन् । निश्चित अर्थात् विशिष्ट परिवेशमा रही केही वर्णहरूले काम गर्दछन् भने अन्य वर्णहरू

त्यस्ता परिवेशमा आउन वा नआउन पनि सक्दछन् । ब्याँसी भाषाका वर्णहरूको वितरणगत परिवेश पदादि, पदमध्य र पदान्तमा हुन्छ ।

स्वर वर्ण

स्वासप्रवाहमा बिनाअवरोध उच्चारण हुन सक्ने र अन्य वर्णको सहायताबिना एकल रूपमा उच्चारण हुने वर्णहरू स्वर वर्ण हुन् । शर्मा (२०६०:१) का अनुसार फोक्सोबाट निस्कने स्वास वायुमार्गमा बाधा नपारी बाहिर आउने क्रममा उच्चारित ध्वनिलाई स्वर वर्ण भनिन्छ । उच्चारणका आधारमा ब्याँसी भाषामा ६ वटा स्वर वर्ण रहेका छन् । यी स्वर वर्णहरू व्यतिरेकी युग्मका आधारमा पदादि, पदमध्य र पदान्त गरी तीनै परिवेशमा अर्थ विभेदक देखिन्छन् । यस्तो व्यतिरेक देखाउँदा जिब्राको सक्रियता, जिब्राको उचाइ र ओठको अवस्थाका आधारमा अलग अलग देखाउन सकिन्छ ।

जिब्राको सक्रियताका आधारमा व्यतिरेक

जिब्राको सक्रियताका आधारमा ब्याँसी भाषाका स्वर वर्णको व्यतेरेकी युग्म यस प्रकार देखाउन सकिन्छ :

अग्र स्वरमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
इ :	खिमो 'टल्काउनु'	--	--
ए :	खेमो 'भोकाउनु'	--	--

मध्य स्वरमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
अ :	अङ्मो 'उचाल्नु'	फमो 'लोभिनु'	अ 'ज्यू'
आ :	आङ्मो 'प्रशंसा गर्नु'	फामो 'बोल्नु'	आ 'मुख'

पश्च स्वरमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
उ :	खुमो 'चोर्नु'	--	--
ओ :	खोमो 'मेट्नु'	--	--

जिब्राको उचाइका आधारमा व्यतिरेक

जिब्राको उचाइका आधारमा ब्याँसी भाषाका छ वटै स्वर वर्ण अर्थ विभेदक देखिन्छन्, जस्तै :

उच्च स्वरमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
इ :	खिमो 'टल्काउनु'	घनी 'बन्द गर्नु'	--
उ :	खुमो 'चोर्नु'	घनु 'घन'	--

निम्नमध्य स्वरमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
ए :	खेमो 'भोकाउनु'	--	--
ओ :	खोमो 'मेट्नु'	--	--

निम्नमध्य र निम्न स्वरमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
अ :	अङ्मो 'उचाल्नु'	फमो 'लोभिनु'	अ 'ज्यू'
आ :	आङ्मो 'प्रशंसा गर्नु'	फामो 'बोल्नु'	आ 'मुख'

व्यञ्जन वर्ण

स्वासप्रवाहमा अवरोध हुने र अन्य वर्णको सहायता लिई उच्चारण हुने वर्णलाई व्यञ्जन वर्ण भनिन्छ । अधिकारी (२०५७ : ६) का अनुसार व्यञ्जन वर्णहरू उच्चारण गर्दा फोक्सोबाट निस्केको स्वास निर्वाध गतिमा बाहिर आउँदैन र स्वास बाहिरिँदा अवरोध उत्पन्न हुन्छ । व्यञ्जन वर्ण आफैँमा स्वतन्त्र हुँदैनन् । उच्चारणका आधारमा ब्याँसी भाषामा दुई वटा व्यञ्जन वर्ण रहेका छन् । यी व्यञ्जन वर्णको व्यतिरेक उच्चारण स्थान, उच्चारण प्रयत्न, घोषत्व र प्राणत्व गरी अलग अलग आधारमा देखाउन सकिन्छ ।

उच्चारण स्थानका आधारमा व्यतिरेक

ब्याँसी भाषाका व्यञ्जन वर्णहरू उच्चारण स्थानका आधारमा आदि मध्य र अन्त तीनवटै तहमा व्यतिरेक पाइन्छन्, जस्तै :

कोमल तालव्य वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
क	कम 'ढाल्नु'	मुक्कना 'बिजुली'	स्याक 'पहिरनु'
ख	खम 'चिसो'	तङ्खना 'एक्लै'	--
ग	गम्मो 'खाल्डोमा हाल्नु'	खागन 'तितो'	--
घ	घम्मो 'फकाउनु'	ढाघन 'घिस्नु'	--

वर्त्स्य (जिह्वाग्र) वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
च	चोम 'लगाउनु'	--	--
छ	छोम 'सताउनु'	--	--
ज	जाङ् 'सुन '	--	--
झ	झाङ् 'बन्चरो'	--	--

ब्याँसी भाषामा वर्त्स्य वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

वर्त्स्य (जिह्वाफलक) वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
ट	टाँङ्मो 'बाँच्नु'	--	--
ठ	ठाँङ्मो 'सिगार्नु'	--	--
ड	डब्मो 'टाँसिनु'	--	--
ढ	ढब्मो 'सल्कनु'	--	--

ब्याँसी भाषामा वर्त्स्य वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

दन्त्य वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
त	तिमो 'रुनु'	--	--
थ	थिमो 'टिप्नु'	--	--
द	दम्मो 'चाल्नु'	--	--
ध	धम्मो 'रोज्नु'	--	--

ब्याँसी भाषामा दन्त्य वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

ओष्ठ्य वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
प	पामो 'नाप्नु'	--	--

फ	फामो 'कुरा गर्नु'	--	--
ब	बामो 'तहलगाउनु'	--	--
भ	भामो 'पडकिनु'	--	--

ब्याँसी भाषामा ओष्ठ्य वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

कोमल तालव्य, नासिक्य, मूर्धा, वत्स्र्य र ओष्ठ्य वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
ङ	ङा 'पिप'	फाङ्मो 'उड्नु'	आङ् 'अधिकार'
न	ना 'आमा'	फान्मो 'सिलाउनु'	आन् 'उखान टुक्का'
म	माङ् 'सपना'	फामो 'बोल्नु'	आम 'आँप'

प्रकम्पित र पार्श्विक वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
र	रब्मो 'तर्नु'	--	--
ल	लब्मो 'नजिकिनु'	--	--

स्वरयन्त्रमुखी र वत्स्र्य वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
स	सामो 'धुर्त्याइँ गर्नु'	--	--
ह	हामो 'झारफुक गर्नु'	--	--

उच्चारण प्रयत्नका आधारमा व्यतिरेक

ब्याँसी भाषाका व्यञ्जन वर्णहरू उच्चारण प्रयत्नका आधारमा आदि, मध्य र अन्त्य तीनवटै तहमा व्यतिरेक पाइन्छन्, जस्तै :

स्पर्श र हनुमूलीय वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
क	कन 'रायो'	--	--
ग	गन 'तिमी'	--	--
ख	खा 'ओखर'	--	--
घ	घा 'धान'	--	--

ब्याँसी भाषामा स्पर्श हनुमूलीय वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

स्पर्श सङ्घर्षी र जिह्वाफलक वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
च	चेमो 'काट्नु'	--	--
ज	जेमो 'थाप्नु'	--	--
छ	छुमो 'बाँड्नु'	--	--
झ	झुमो 'उम्रनु'	--	--

ब्याँसी भाषामा स्पर्श सङ्घर्षी र जिह्वाफलक वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

स्पर्श र जिह्वाग्र वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
ट	टिमो 'मिलाउनु'	--	--
ड	डिमो 'मिल्नु'	--	--
ठ	ठोमो 'बल्नु'	--	--
ढ	ढोमो 'टल्कनु'	--	--

ब्याँसी भाषामा स्पर्श र जिह्वाग्र वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

स्पर्श र दन्त्य वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
त	तिमो 'रून्'	--	--
द	दिमो 'वर'	--	--
थ	थन 'अव'	--	--
ध	धन 'पेट'	--	--

ब्याँसी भाषामा स्पर्श र दन्त्य वर्णका पदमध्य र पदान्तमा व्यतिरेक पाइएन ।

स्पर्श र ओष्ठ्य वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
प	पामो 'नाप्नु'	--	--
ब	बामो 'तहलगाउनु'	--	--
फ	फामो 'कुरा गर्नु'	--	--
भ	भामो 'पडकिनु'	--	--

ब्याँसी भाषामा स्पर्श र ओष्ठ्य वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

नासिक्य व्यञ्जनमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
ङ	ङपल 'चिप्लेकिरा'	लाङ्म 'खेल्नु'	आङ 'अधिकार'
न	नपल 'हिमाली गहुँ'	लान्म 'बेर्नु'	आन 'उखान'
म	मान् 'सम्मान'	कामो 'कामको'	आम 'आँप'

सङ्घर्षी व्यञ्जनमा स्थानगत व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
स	सामो 'धुर्त्याइ गर्नु'	--	--
ह	हामो 'झारफुक गर्नु'	--	--

घोषत्वका आधारमा व्यतिरेक

ब्याँसी भाषामा स्थान र प्रयत्न एउटै भए पनि घोषत्वका आधारमा स्पष्ट हुने व्यतिरेकी युग्म यस प्रकार छन् :

कोमल तालु, स्पर्शी र अल्पप्राण वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
क	कम्म 'भित्र्याउनु'	--	--
ग	गम्म 'चिन्ह'	--	--

कोमल तालु, स्पर्शी र महाप्राण वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
ख	खम्मो 'झिक्नु'	--	--
घ	घम्मो 'फकाउनु'	--	--

ब्याँसी भाषामा कोमल तालु, स्पर्शी र महाप्राण वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

वर्त्स्य, स्पर्शसङ्घर्षी र अल्पप्राण वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
च	चेर्मो 'जोख्नु'	--	--
ज	जेर्मो 'उदाउनु'	--	--

वर्त्स्य, स्पर्शसङ्घर्षी र महाप्राण वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
छ	छो 'पोखरी'	--	--
झ	झो 'मानव आकृति'	--	--

ब्याँसी भाषामा वर्त्स्य, स्पर्शसङ्घर्षी र महाप्राण वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

वर्त्स्य, स्पर्शी र अल्पप्राण वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
ट	टामो 'ठोक्नु'	--	--
ड	डामो 'खिइनु'	--	--

वर्त्स्य, स्पर्शी र महाप्राण वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
ठ	ठाङ्मो 'सिगार्नु'	--	--
ढ	ढाङ्मो 'नोकर लगाउनु'	--	--

ब्याँसी भाषामा वर्त्स्य, स्पर्शी र महाप्राण वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

दन्त्य, स्पर्शी र अल्पप्राण वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
त	तामो 'राख्नु'	--	--
द	दामो 'दिनु'	--	--

दन्त्य, स्पर्शी र महाप्राण वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
थ	थामो 'भाग लगाउनु'	--	--
ध	धामो 'हान्नु'	--	--

ब्याँसी भाषामा दन्त्य, स्पर्शी र महाप्राण वर्णका पदमध्य र पदान्तमा व्यतिरेक पाइएन ।

ओष्ठ्य, स्पर्शी र अल्पप्राण वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
प	पामो 'नाप्नु'	--	--
ब	बामो 'तह लगाउनु'	--	--

ओष्ठ्य, स्पर्शी र महाप्राण वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
फ	फामो 'कुरा गर्नु'	--	--
भ	भामो 'पडकिनु'	--	--

ब्याँसी भाषामा ओष्ठ्य, स्पर्शी र महाप्राण वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

प्राणत्वका आधारमा व्यतिरेक

ब्याँसी भाषाका व्यञ्जन वर्णहरूमा प्राणत्वका आधारमा पाइने व्यतिरेकलाई निम्न लिखित युग्मका आधारमा स्पष्ट्याउन सकिन्छ :

कोमल तालु, स्पर्शी र अघोष वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
क	कम 'ढाल्नु'	--	--
ख	खम 'चिसो'	--	--

कोमल तालु, स्पर्शी र सघोष वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
ग	गरी 'तिमी पनि'	--	--
घ	घरी 'गाग्री'	--	--

वर्त्स्य, स्पर्शसङ्घर्षी र अघोष वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
च	चाम 'भर्नु'	--	--
छ	छाम 'केलाउनु'	--	--

वर्त्स्य, स्पर्शसङ्घर्षी र सघोष वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
ज	जाङ् 'सुन'	--	--
झ	झाङ् 'बन्चरो'	--	--

ब्याँसी भाषामा वर्त्स्य, स्पर्शसङ्घर्षी र सघोष वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

वर्त्स्य, स्पर्शी र अघोष वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
ट	टिमो 'मिलाउनु'	--	--
ठ	ठिमो 'निमोठ्नु'	--	--

वर्त्स्य, स्पर्शी र सघोष वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
ड	डोमो 'बल्नु'	--	--
ढ	ढोमो 'टल्कनु'	--	--

ब्याँसी भाषामा वर्त्स्य, स्पर्शी र सघोष वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

दन्त्य, स्पर्शी र अघोष वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
त्	तिमो 'रून'	--	--
थ्	थिमो 'टिप्नु'	--	--

ब्याँसी भाषामा दन्त्य, स्पर्शी र अघोष वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

दन्त्य, स्पर्शी र सघोष वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
द	दामो 'दिनु'	--	--
ध	धामो 'हान्नु'	--	--

ब्याँसी भाषामा दन्त्य, स्पर्शी र सघोष वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

ओष्ठ्य, स्पर्शी र अघोष वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
प	पामो 'नाप्नु'	--	--
फ	फामो 'कुरा गर्नु'	--	--

ब्याँसी भाषामा ओष्ठ्य, स्पर्शी र अघोष वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

ओष्ठ्य, स्पर्शी र सघोष वर्णमा व्यतिरेक

	पदादि	पदमध्य	पदान्त
ब	बोबी 'अपवाह'	--	--
भ	भोबी 'चुक्ली'	--	--

ब्याँसी भाषामा ओष्ठ्य, स्पर्शी र सघोष वर्णका पदमध्य र पदान्तमा व्यतिरेक भएको पाइएन ।

निष्कर्ष

ब्याँस उपत्यकामा बसोबास गर्ने स्थानीय बासीलाई ब्याँसी समुदाय भनिन्छ । प्रकृतिको पूजा गर्ने ब्याँसी शौका जाति भाषिक सांस्कृतिक र सामाजिक रूपमा बेग्लै पहिचान बोकेको जाति हो । यो जाति ब्याँस क्षेत्र वा ब्याँस हिमालको फेदमा बसोबास गर्ने हुनाले "ब्याँसी" भनी नामकरण भएको र सोही अनुरूप आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको ऐन २०५८ मा सूचीकृत गरिएको छ । तर हाल आएर यिनीहरू आफूलाई ब्याँसी मात्र नभनी ब्याँसी-शौका भन्न रुचाउँछन् ।

ब्याँसी भाषा चीन-तिब्बती भाषा परिवारको पश्चिमी हिमालीअन्तर्गत शौका "रं" समुदायको भाषा हो । मुख्यतया यो भाषा दार्चुला जिल्लाको ब्याँस गाउँपालिका र जिल्ला सदरमुकाम खलङ्गालगायत यस वरिपरिका क्षेत्रमा बोलिन्छ । यसका साथै भारतको उत्तराखण्ड राज्यअन्तर्गत पर्ने बुदी, गरब्याङ्ग, गुन्जी, कुटी, नावी, रोङकाङ र नपलच्यौ क्षेत्रमा बोलिन्छ । ब्याँसी भाषामा अ, आ, इ, उ, ए, ओ गरी ६ वटा स्वरवर्ण छन् । यी स्वरवर्ण जिब्राको सक्रियता, जिब्राको उचाइ र ओठको अवस्थाका आधारमा व्यतिरेकी छन् । यस्तो व्यतिरेक पदादि, पदमध्य र पदान्तमा पनि पाइएको छ ।

ब्याँसी भाषामा क, ख, ग, घ, ङ, च, छ, ज, झ, ट, ठ, ड, ढ, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, स, ह, गरी २९ वटा व्यञ्जन वर्ण रहेका पाइन्छन् । यी वर्णहरू सामान्यतः उच्चारण स्थान, उच्चारण प्रयत्न, प्राणत्व र घोषत्वका आधारमा व्यतिरेकी पाइएका छन् । ब्याँसी भाषामा सघोष, महाप्राण, स्पर्शी र स्पर्शसङ्घर्षी व्यञ्जन पदान्तमा व्यतिरेकी पाइएका छैनन् । वर्त्स्य र नासिक्य वर्ण पदमध्य र पदान्तमा व्यतिरेक पाइएका छैनन् ।

सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज, (२०६२) ***समसामयिक नेपाली व्याकरण,*** ते.सं काठमाडौं : विद्यार्थी प्रकाशन ।

............., (२०६८) ***प्रयोगात्मक नेपाली व्याकरण,*** चौ.सं. ललितपुर : साझा प्रकाशन ।

ऐतवाल, चन्द्रभा (सन् २०१३), ***पाहाड की पुकार भारत*** : बिजनौर, अविचल प्रकाशन ।

ढकरियाल, डुँगर सिंह (सन् २००४), ***हिमालयी सौका संस्कृतिक धरोहर-III*** नई दिल्ली : तक्षशिला प्रकाशन

ढकाल, शान्तिप्रसाद (२०६३) ***सामान्य भाषाविज्ञान,*** काठमाण्डौ : शुभकामना प्रकाशन

नवियाल, जगत सिंह (सन् २००३), ***सैह्यामो,*** लखनऊ : रं कल्याण संस्था ।

नवियाल, जवाहर सिंह (२०५८), ***रङ मिर्रा भारत:*** शाहजहाँपुरः डी.एस.प्रिन्टर्स ।

पोखरेल, माधवप्रसाद (२०५६), ***नेपाली वाक्य व्याकरण,*** (दो.सं), काठमाडौं : एकता बुक्स ।

.... (२०५७), ***ध्वनि विज्ञान र नेपाली भाषाको ध्वनि परिचय,*** काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

फकलियाल, ह्यात सिंह (सन् २००३), ***हडप्पा सारस्वत सभ्यता एवं संस्कृति, भारत:*** लखनऊ : अमटीकर प्रकाशन रं कल्याण संस्था ।

बनग्याल, मोहन सिंह (सन् २००७), ***शब्दकोश "रं-ब्लु" भारत*** : हल्द्वानी : अङ्कित प्रकाशन ।

बोहरा, गोपाल सिंह र बलराम प्रसाई (२०६४), ***ब्याँसी (रं)-नेपाली-अङ्ग्रेजी आधारभूत शब्दकोष,*** ललितपुर : गोपाल सिंह बोहरा ।

भाटिया, कैलाशचन्द्र (सन् १९९३), ***भाषा भूगोल,*** लखनउ : हिन्दी समिति ।

भण्डारी, रतन (२०७३), ***अतिक्रमणको चपेटामा लिम्पियाधुरा-लिपुलेक,*** काठमाडौं : प्राप्ति छापाखाना ।

यादव र रेग्मी, २०५९, ***भाषाविज्ञान,*** (दोस्रो संस्करण) कीर्तिपुर : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

रायपा, रतन सिंह (सन् २०१५), ***शौका*** (दो.सं.) हल्द्वानी : अङ्कित प्रकाशन, ।

शर्मा, मोहनराज (२०६०), ***शब्दरचना र वर्णविन्यास,*** काठमाडौं : नवीन प्रकाशन ।

शेर्पा, पासाङ (२०६५), ***आदिबासी ब्याँसी-शौका जातिसम्बन्धी एक अध्ययन,*** ललितपुर : ....